नेपाल सरकार

# भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- ०८२/८३

चलानी नं.:- ४८१

मितिः २०८३/०२/२२

**विषयः बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन सम्बन्धमा ।**

श्री गाउँ/नगरपालिका, सबै (७५३)

गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्न कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण योजना-तेस्रो (आ.व. २०८०/०८१-२०८७/०८८) ले लिएको लक्ष्य हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा पोषण विशेष तथा पोषण संवेदनशील क्षेत्रका कार्यक्रमहरू समावेश भई कार्यान्वयन हुँदै आएका छन् ।

यसका साथै सोही योजनाको कार्यान्वयनमा सहयोग गर्न नेपाल सरकारबाट युरोपियन युनियनको सहायता समेत समावेश गरी यस मन्त्रालयको समन्वय र सहजीकरणमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन हुँदै आएको छ। यस कार्यक्रमको कार्यान्वयनमा स्थानीय तहको महत्वपूर्ण भूमिकालाई आत्मसात गर्दै कार्यक्रममा उपलब्ध बजेटको करिब ९५ प्रतिशत रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण हुँदै आएको छ । यसरी प्राप्त हुने बजेट सूचकसँग आवद्ध भएको र तोकिएका सूचक हासिल हुन नसकेमा वित्तिय सहायता प्राप्त नभई कार्यक्रम कार्यान्वयनमा कठिनाई हुने भएकोले स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको सम्वन्धमा देहायको व्यवस्था हुन अनुरोध छ ।

**देहायः**

१. स्थानीय तहको आगामी आ.व.को नीति तथा कार्यक्रममा पोषण सुधारको स्थानीय आवश्यकता र प्राथमिकतालाई समावेश गर्ने,
२. यस कार्यक्रम अन्तर्गत प्राप्त ससर्त अनुदानको अतिरिक्त स्थानीय तहको आन्तरीक स्रोतबाट समेत निश्चित प्रतिशत बजेट विनियोजनको प्रवन्ध गर्ने,
३. गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सिफारीस समेतको आधारमा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कार्यान्यन हुने कार्यक्रमको क्रियाकलापगत बाडफाँट सभाबाटै हुने व्यवस्था मिलाउने,
४. कार्यक्रम अन्तर्गतका क्रियाकलापको बाडफाँट गर्दा स्थानीय प्राथमिकता अनुसार पोषण विशेष तथा पोषण संवेदनशील क्षेत्रका नियमित कार्यक्रममा दोहोरोपन नहुनेगरी प्रवन्ध मिलाउने,
५. स्वीकृत कार्यविधि अनुसार पोषण सहजकर्ताको पारिश्रमिकको लागि स्थानीय तहको साझेदारी सुनिश्चित गर्ने।

(दीपेश कट्टेल)
शाखा अधिकृत

**बोधार्थः**

श्री राष्ट्रिय योजना आयोगः जानकारीको लागि,
श्री स्वास्थ्य सेवा विभाग (पोषण शाखा): जानकारीको लागि,
श्री प्रदेश नीति/योजना/आयोगः जानकारीको लागि,
श्री जिल्ला समन्वय समिति (सबै): आवश्यक सहयोग र सहजीकरणको हुन,
श्री युनिसेफ नेपालः प्राविधिक सहयोगको लागि,
श्री सूचना प्रविधि शाखाः वेबसाइटमा अपलोडको लागि ।